Date
Page

आज मिति २०७७/०१/२९ गते प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला कोभिड-१९ व्यवस्थापन केन्द्र (DCCMC) का संयोजक श्री गणेश आचार्य ज्यूको संयोजकत्वमा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति

- प्र.जि.अ. श्री गणेश आचार्य, जिल्ला प्रशासन कार्यालय - संयोजक
- अध्यक्ष श्री पवन बहादुर लामा, सिमकोट गा.पा. - सदस्य
- अध्यक्ष श्री कर्ण बहादुर रावल, खार्पुनाथ गा.पा. - सदस्य
- अध्यक्ष श्री विष्णु लामा, नाम्खा गा.पा. - सदस्य
- प्र.ना.उ. श्री हरम्ब शर्मा, जि.प्र.का. - सदस्य
- स.प्र.ना.उ. श्री गेहेन्द्र बहादुर भण्डारी, स.प्र.ब. नेपाल नं. ४४ गुल्म, हेक्का - सदस्य
- प्र.अ.अ. श्री संजिव कुमार चौधरी, रा.अ.जि.का. - सदस्य
- सह-सेनानी श्री कोकिल कुमार प्रजा, वराहदल गुल्म - सदस्य
- स.प्र.जि.अ. श्री दशरथ यदु, जिल्ला प्रशा. कार्यालय, - सदस्य
- अध्यक्ष श्री नामग्याल लामा, उद्योग वाणिज्य संघ, - सदस्य
- कार्यालय प्रमुख श्री प्रेमबहादुर सिंह, स्वास्थ्य सेवा कार्यालय सदस्य-सचिव

सहभागिता

- श्री धन बहादुर रावल, प्रमुख, जि.स.स., हुम्ला
- श्री डा. नवीन ढकाल, आमन्त्रित, जिल्ला अस्पताल, हुम्ला।

निर्णयहरू:

(१) विभिन्न जिल्लाबाट बिना अनुमति जिल्ला प्रवेश गरी खार्पुनाथ, सिमकोट र नाम्खा पालिका क्षेत्र प्रवेश गर्ने व्यक्तिहरूलाई निजको घरमा सिंगल कोठा र शौचालयको सुनिश्चित गरी अभिभावकले जिम्मेवारी लिई घरमा बस्न चाहे सम्बन्धित पालिकाले जाँची बुझी घरमा बस्ने व्यवस्था गर्ने, तर घरमा उपयुक्त व्यवस्था नभएकाहरूको हकमा सम्बन्धित पालिकाले तोकेको सामुदायिक भवन वा विद्यालय आदिमा निजको सम्पूर्ण खर्च र व्यवस्थापनमा बस्ने व्यवस्था गर्ने। सोका लागि प्रत्येक पालिकाले एक जना सम्पर्क व्यक्ति तोकी जिल्ला प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा पठाउने। उल्लिखित व्यवस्थालाई कार्यान्वयन गर्न सर्केगाड, अदानचुली, चंखेली र ताजाकोट गा.पा. लाई समेत लेखी पठाउने।

(२) जिल्ला अस्पताल हुम्लामा हाल प्राप्त २ वटा ...

जिल्ला अस्पतालमा उपलब्ध नहुँदा आजै मात्र ५ जना कोभिड १९ संक्रमित बिरामीलाई हेली उद्धार गरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा थप उपचारका लागि लानु परेको अवस्था समेतलाई मध्येनजर गर्दै तत्काल दक्ष प्राविधिक व्यवस्थाका लागी कर्णाली प्रदेश ~~सामाजिक~~ सरकार सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयलाई अनुरोध गर्ने।

(५) यस जिल्ला सदरमुकाममा देखिएको Covid-19 संक्रमित मध्ये ५ जना संक्रमित भेन्टीलेटर समेत नभएको आधारमा रेफर सिफारिस गरी जुम्ला पठाउन परेको। यस जिल्लामा पनि संक्रमण बढ्दै गएको र अक्सिजनको अभावमा स्वास्थ्य सुरक्षाको जोखिम बढेको हुँदा यस जिल्लाको लागी छिटो र उपयुक्त हुने अक्सिजन कन्सन्ट्रेटर थान - ८ तत्काल छिटो प्रकृयाबाट स्वास्थ्य सेवा कार्यालयले खरिद गर्ने निर्देशन दिने।

(६) जिल्लामा अक्सिजन प्लान्ट खरीदको लागी सेवा प्रदायक संग सम्झौता भई सकेको। सेवा प्रदायकलाई काठमाण्डौबाट सुर्खेत सम्म अक्सिजन प्लान्ट र सो जडान गर्ने प्राविधिकलाई झिकाउन सम्बन्धित निकायमा सिफारिस पठाउने। साथै सुर्खेतबाट हुम्ला सम्म प्राविधिक झिकाउन [illegible] आवश्यक पहल गर्ने।

Scanned with CamScanner